मष्टा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: १ मिति: २०८०/०९/२६

भाग-१

## मष्टा गाउँपालिका

## स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८०

स्थानीय राजपत्र

मष्टा गाउँपालिकाद्वारा प्रकाशित

सुदूरपश्चिम प्रदेश, बझाङ्ग पुष २० गते शुक्रबार, २०८० साल संख्या : १

# स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०८०

मष्टा गाउँ कार्यपालिकाबाट पारित

**प्रस्तावना:**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) वमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न वाञ्छनीय भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमुना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्वन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मुल्य निर्धारण र बिक्री वितरण प्रवन्ध गर्न मष्टा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन, २०७४ को दफा ४ वमोजिम मष्टा गाउँपालिकाको मिति २०८०/०९/२० मा वसेको वैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## भाग: १

### प्रारम्भिक

१. <u>कार्य विधिको नाम:</u> यस कार्यविधिको नाम स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

२. <u>कार्यविधि लागु हुने:</u> यो कार्यविधि मष्टा गाउँकार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।



CamScanner

## भाग-२

## स्थनीय राजपत्रको भाग र ढाँचा

३. <u>स्थानीय राजपत्रको भागहरु:</u> स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची- १ बमोजिमका भागहरुको वर्गीकरण गरिएको छ ।

४. <u>स्थानीय राजपत्रको ढाँचा:</u> स्थानीय राजपत्रको ढाँचा अनुसूची- २ मा उल्येख भए बमोजिम हुनेछ ।

५. <u>खण्डको ब्यवस्था:</u> स्थानीय राजपत्रको खण्ड उल्येख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०८० साललाई १, २०८१ साललाई २), कायम गरी त्यसपछि क्रमश: जति वर्ष भयो त्यति नै संख्या उल्येख गरी प्रकाशन गरिनेछ ।

६. <u>स्थानीय राजपत्रको संख्या:</u> (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमश: संख्या कायम गरिने छ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमश: संख्या राखी अर्को वर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. <u>स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामाग्री:</u> स्थानीय राजपत्र प्रकाशन गर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामाग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिम सम्म) को सम्पूर्ण ब्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. <u>स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी:</u> स्थानीय राजपत्र मष्टा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने ब्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत स्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।



CamScanner

## भाग- ३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी: (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

१०. प्रकाशनपूर्व सम्पादन गर्नुपर्ने: (१) प्रकाशन हुने सामग्री गाँउ कार्यपालिकाको कानून सम्बन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाईमा पठाइनेछ ।

११. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन: (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. नि:शुल्क रुपमा उपलब्ध गराउनु पर्ने: गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा नि:शुल्क रुपमा उपलब्ध गराइनेछ:

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्वन्धित स्थानीय विभाग, महाशाखा,शाखा र

(ङ) मष्टा गाउँपालिकाको प्रत्येक वडा कार्यालय ।

१३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने : गाउँपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेवसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ।

१४. विक्री वितरणको व्यवस्था तथा विक्री मुल्य:(१) प्रकाशित स्थानिय राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीय तहको सुचना तथा अभिलेखकेन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विकि वितरणको व्यवस्था मिलाइनेछ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको विक्री मुल्य निर्धारण गरिएको छ,

(क) वार्षिक सदस्य बनाई विक्री गर्दा: वडा कार्यालयवाट बुझिलिने गरी वार्षिक सदस्यता शुल्क लिई विक्री गरेमा वार्षिक रु ५९०/- (पाँच सय नब्बे मात्र)

(ख) खुद्रा बिक्री गर्दा: स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर विक्री मुल्य तोकिएको छ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ पेज सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ पेज सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढीमा जति पेज हुन्छ,त्यसमा गप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ।

द्रष्टव्य: माथि उल्लेखित दर कायमा गर्दा नेपाल राजपत्र प्रचलित विक्री दरलाई आधार लिइएको छ। स्थानीय सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ।

१५. बिक्रीबाट प्राप्त रकम सन्चित कोषमा जम्मा गर्ने: स्थानीय राजपत्र विक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

१६. कार्यविधिको व्याख्या: यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्धिविधा उत्पन्न भएमा गाउँपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

१७. बचाउ: यो कार्यविधि लागु हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागु गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ।



CamScanner

## अनुसुची -१

(दफा ३ सँग सम्वन्धित)

### स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

#### भाग-१

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ।

#### भाग-२

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ।

# अनुसूची-२

(दफा ४ तथा अनुसुची-१को भाग-१ सँग सम्वन्धित

मष्टा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड...संख्या ...मिति....../......./

भाग-१

## मष्टा गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण नियमको व्यहोरा

आज्ञाले
रमेश कुमार खड्का
नि.प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

मष्टा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड...संख्या ...मिति....../......./

भाग-२

## मष्टा गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले
रमेश कुमार खड्का
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner